# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

बैंक तथा वित्तीय सेवाहरुमा पहुँचको स्तरको मापन गरी सो तथ्याङ्क नीति निर्माण तथा नियमन गर्ने निकाय निकायहरु र बैंक तथा वित्तीय सेवा प्रदायकहरुलाई उपलब्ध गराउँदै नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले २०७२ साउन २८ गते एक दिने वित्तीय समावेशिताका लागि राष्ट्रिय सम्मेलन - २०७२ आयोजना गरियो । सो सम्मेलनमा राष्ट्र संघीय विशिष्ट संस्थाहरु युएनडीपी तथा युएनसीडीएफद्वारा 'नेपालको वित्तीय समावेशिताको अवस्था : माग पक्षको अध्ययन' को प्रतिवेदन सार्वजनिक गरिएको थियो ।



कार्यक्रममा नेपाल सरकार, बैंक तथा वित्तीय संस्था, अन्तराष्ट्रिय विकास साझेदार संस्था तथा निजी क्षेत्रका सरोकारवाला विशिष्ट व्यक्तित्वहरुको सहभागिता रहेको थियो । कार्यक्रमको उद्घाटन माननीय अर्थमन्त्री डा. रामशरण महत, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. गोविन्दराज पोखरेल र गभर्नर डा. चिरंजीबि नेपालले संयुक्त रुपमा गर्नुभएको थियो ।

सो सम्मेलनलाई सम्बोधन गर्दै माननीय अर्थमन्त्री डा. महतले वित्तीय क्षेत्रको उदारीकरणपश्चात संख्यात्मक रुपमा वित्तीय संस्थाको विस्तार भए पनि ग्रामीण क्षेत्रमा अझै पनि वित्तीय सेवा विस्तारको आवश्यकता रहेको र सो क्षेत्रमा वित्तीय सेवा विस्तारको यथेष्ट सम्भावना रहेको हुँदा सो क्षेत्रमा सेवा विस्तार गर्न बैंक तथा वित्तीय संस्था सञ्चालकहरुलाई आग्रह गर्नुभयो ।

सम्मेलनमा प्रमुख सम्बोधनकर्ताका रुपमा आफ्नो मन्तव्य प्रस्तुत गर्दै गभर्नर डा. नेपालले बढी भन्दा बढी जनता वित्तीय सेवामा आबद्ध हुन गएमा समावेशी आर्थिक वृद्धि सम्भव हुने र मुलुकमा उत्पादन र रोजगारी बढ्ने विचार व्यक्त गर्नुभयो । सरकारको सहयोगमा नेपाल राष्ट्र बैंक सुलभ वित्तीय सेवा प्रवाह मार्फत वित्तीय समावेशिता प्रवर्द्धनका लागि प्रतिबद्ध रहेको उल्लेख गर्नुहुँदै उहाँले वित्तीय समावेशिता अभिवृद्धिमा बैंकले लिएका नीतिगत व्यवस्थाका बारेमा प्रकाश पार्नुभयो । प्रत्येक घर परिवारको कम्तीमा एक बैंक खाताको अवधारणा अनुसार सो अभियानलाई सार्थक पार्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सबै संस्थाहरुसँग सहकार्य गर्दै अघि बढ्ने उहाँले स्पष्ट पार्नुभयो ।




राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. पोखरेलले रोजगारी र वित्तीय सेवाको उपलब्धताबीच प्रत्यक्ष सम्बन्ध रहेको हुँदा नेपालको गरिबी, बेरोजगारी र वित्तीय समावेशिताको न्यून अवस्थालाई

सम्बोधन गर्दै विकास योजना निर्माण तथा कार्यान्वयन गरिएको उल्लेख गर्नुभयो ।




सम्मेलनको अपराह्न सत्रको अध्यक्षता डेपुटी गभर्नर महा प्रसाद अधिकारीले गर्नुभएको थियो । सो क्रममा सार्वजनिक गरिएको प्रतिवेदन Towards Financial Inclusion – Reflacting on the Making Access to Finance Possible (MAP) Demand Side Study Findings And Key Message for the Way Forward विषयमा मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंक सबैका लागि वित्तीय सेवाको अवधारणा अनुसार अघि बढेको उल्लेख गर्दै औपचारिक अर्थतन्त्रको निर्माणमा बैंक समर्पित रहेको जानकारी गराउनुभएको थियो ।

वित्तीय सेवामा माग पक्षलाई आधार लिई गरिएको उक्त अध्ययनको निष्कर्ष अनुसार नेपालमा कुल जनसंख्यामा बैंक तथा वित्तीय संस्थाको सेवा प्राप्त गर्नेको संख्या ४१ प्रतिशत, सहकारी संस्थाहरुको सेवा थप २० प्रतिशतमा र अनौपचारिक वित्तीय सेवा थप २० प्रतिशत जनताले उपयोग गर्ने गरेको तथा १९ प्रतिशत जनसङ्ख्या अझै पनि पूर्णतः वित्तीय सेवाबाट बञ्चित रहेको देखिएको प्रतिवेदन पेश गरिएको थियो ।

सम्मेलनको सुरुआतमा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक तथा वित्तीय पहुँच परियोजनाका राष्ट्रिय निर्देशक डा. विनोद आत्रेयले स्वागत मन्तव्यको क्रममा सम्मेलनको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो भने अन्त्यमा सहभागी सबैलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।